“समुन्नत नेपालका लागि उद्यमी तथा उद्योगको सशक्तिकरण”
उद्यमशिलता विकास तालिम २०८३/८४

१. संस्थागत पृष्ठभूमि

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको स्थापना “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३” अन्तर्गत, २०५३ साल कार्तिक १९ गते भएको हो। वि.सं. २०४० मा तत्कालीन जर्मन प्राविधिक सहयोग नियोग (GTZ) को सहयोगमा साना व्यवसाय प्रवद्र्धन आयोजना (Small Business Promotion Project) को रूपमा सुरु भएको थियो। यस प्रतिष्ठानले राष्ट्रको औद्योगिक विकासका लागि स्टार्टअप उद्यम कर्जा कार्यक्रम, व्यवसाय सवर्द्धन केन्द्र तथा उद्यमशीलता तालिम, परामर्श सेवा, व्यवसाय विकास सहयोग, नीति–समन्वय तथा संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी गतिविधिहरू मार्फत देशको औद्योगिक तथा आर्थिक विकासमा योगदान पुर्‍याउँदै आएको छ।

२. प्रतिष्ठानको मुख्य उद्देश्य

- उद्योग व्यवसायको विकास कार्यमा संलग्न संघ संस्थाहरूको जनशक्ति विकास कार्यमा सहयोग पुर्याउन त्यस्ता संस्थाहरूको मागमा आधारित प्रशिक्षक प्रशिक्षण, गुणस्तर व्यस्थापन, सम्भाव्यता अध्ययन र परामर्श सेवाजस्ता सेवाहरू प्रदान गर्ने।
- उद्योग व्यवसायको विकासको लागि गुणात्मक सेवा प्रदान गर्न आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने।
- सेवामूलक संस्थाको रूपमा उद्योग व्यवसाय क्षेत्रको प्राविधिक, उद्यमशीलता र व्यवस्थापनसम्बन्धी ज्ञान तथा सीप विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने।
- स्वदेशी कच्चापदार्थ वा स्वदेशी र विदेशी कच्चापदार्थमा आधारित उद्योग व्यवसायको सम्भाव्यता अध्ययन, अनुसन्धान तथा विकासमा जोड दिने।
- उद्योग व्यवसाय विकासका लागि आवश्यक संस्थाहरूको स्थापना र विकास गर्ने।

३. प्रतिष्ठानको लक्षित समूह

- उद्योग व्यवसाय गर्न चाहने सम्भाव्य उद्यमीहरू
- उद्योग व्यवसाय सञ्चालन गरिररहेका उद्यमी, व्यवसायीहरू
- उद्योग व्यवसायको विकासमा संलग्न व्यक्ति तथा संघसंस्थाहरू

४. उद्यमशिलता विकास तालिमको पृष्ठभूमि

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि संभाव्य उद्यमीहरुका लागि उद्यमशीलता विकास तालिम र व्यवसाय संचालन गरिरहेका उद्यमीहरुको लागि आवश्यकता अनुरुप विभिन्न किसिमका व्यवस्थापन तालिमहरु संचालन गर्दै आइरहेको छ। देशमा देखिएको विद्यमान गरिबी, बेरोजगारी र अर्ध

बेरोजगारी जस्ता समस्यालाई परिलक्षित गरी उद्यमशीलता विकास तालिम कार्यक्रमको माध्यमबाट उद्योगहरु सिर्जना गर्नु आवश्यक देखिएकोले यस प्रकारका कार्यक्रहरुलाई जोड दिइएको हो।प्रतिष्ठानले यस आ.व २०८२/८३ वार्षिक कार्यक्रम अनुसार बेरोजगार युवाहरुको लागि उद्यमशीलता विकास तालिम संचालन गर्न यो प्रस्तावना तयार गरिएको छ।

५. उद्यमशीलता विकास तालिम के हो ?

उद्यमशीलता विकास तालिम व्यक्तिलाई सफल उद्यमी बन्नका लागि आवश्यक ज्ञान, सीप र आत्मविश्वास विकास गराउने एक महत्वपूर्ण तालिम कार्यक्रम हो। यस तालिममार्फत सहभागीहरूले व्यवसाय सुरु गर्ने प्रक्रिया, व्यवसाय योजना (Business Plan) तयार गर्ने तरिका, बजार अध्ययन, बजारीकरण रणनीति तथा वित्तीय व्यवस्थापन जस्ता विषयहरूबारे व्यवहारिक ज्ञान हासिल गर्छन्। साथै, जोखिम व्यवस्थापन, निर्णय क्षमता, समस्या समाधान गर्ने क्षमता तथा प्रभावकारी सञ्चार सीप जस्ता व्यक्तिगत विकासका पक्षहरू पनि सुदृढ बनाइन्छन्। यो तालिम विशेषगरी नयाँ व्यवसाय सुरु गर्न चाहने युवाहरु तथा साना तथा मध्यम उद्यमीहरूका लागि अत्यन्त उपयोगी हुन्छ।

६. उद्यमशिलता विकास तालिमको उद्देश्य

उद्यमशीलता विकास तालिमको समग्र उद्देश्य तालिम लिएपछि हरेक सहभागिहरुले एक निश्चित तोकिएको अवधिभित्र आफुले छनोट गरेको व्यवसाय शुरु गर्ने छन् भन्ने रहेको छ भने तालिमको निर्दिष्ट उदेश्यहरु निम्न अनुसार रहेको छ।

क. सहभागीहरुको उद्यमशीलता सक्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।

ख. व्यवसायिक वातावरणको सूक्ष्म विश्लेषण गरी व्यवसायिक अवसर पहिचान गर्न सक्षम बनाउने

ग. सहभागीहरुले आफ्नो लागि उपयुक्त व्यवसाय छनौट गर्न सक्षम हुने्।

घ. सहभागीहरुको व्यवसायिक व्यवस्थापन क्षमता अभिवृद्धि हुने।

ड. सहभागीहरु आफुले छनौट गरेको व्यवसायको व्यवसायिक योजना तयारी गर्न सक्षम हुने।

च. उद्योग व्यवसाय दर्ता, नविकरण, नीति नियमहरु, सेवा सुविाहरु, बैक तथा वित्तीय सस्थाको ऋण लगानी तथा असुली प्रकृया आदि बारे जानकारी प्राप्त हुने।

७. कार्यक्रम सञ्चालन प्रक्रिया

- आवेदन सङ्कलन,
- आवेदकहरु मध्ये योग्य व्यक्तिहरुको छनौट गर्ने,
- छनौट भएका आवेदकहरुको अन्तर्वार्ता लिने,
- छनोट भएका सम्भावित आवेदकहरुका लागि उद्यमशीलता विकास सम्बन्धी १ दिनको अभिमुखीकरण कार्यक्रम र ६ दिनको तालिम सञ्चालन गर्ने।

८. आवेदन दिनको लागि आवश्यक योग्यता

- नेपाली नागरिक हुनुपर्ने
- उमेरः १६ वर्ष पुरा भई ५० वर्ष ननाघेको
- न्यूनतम शैक्षिक योग्यताः SEE/SLC वा सो सरह उत्तिर्ण भएको ।

९. कार्यक्रम सञ्चालन तालिका

उद्यमशिलता विकास तालिम सञ्चालन गर्नका लागि निम्न प्रक्रियाहरु पुरा गर्नुपर्ने हुन्छ ।

सि.नं.	क्रियाकलाप	समय
१	कार्यक्रम प्रवर्द्धनः	
	Online Advertisement	२०८३ कार्तिक १३ गते शुक्रबार
२	आवेदन फारम वितरण तथा संकलन	२०८३ कार्तिक १३ गते देखि कार्तिक ३० गते सम्म
	आवेदन फारम बुझाउने अन्तिम मिति	२०८३ कार्तिक ३० गते
३	आवेदकहरु मध्ये योग्य व्यक्तिहरुको छनौट गर्ने (Shortlisting)	२०८३ मंसिर ०३ गते
	सम्पर्क मिति	२०८३ मंसिर ०४ गते
४	आवेदकहरुको अन्तर्वार्ता	२०८३ मंसिर ७, ८ र ९ गते
५	कार्यक्रमका लागि २० देखि २५ जना सहभागी छनौट गर्ने र सहभागीहरुको नाम दर्ता	२०८३ मंसिर १० गते
६	उद्यमशिलता विकास तालिम संचालन समय तथा मिति वेबसाइटमा प्रकाशन ।	२०८३ मंसिर १० गते

विस्तृत जानकारीका लागि सम्पर्कः

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. ५३६१३३९, ५३६१४६९, ५३६११६२, ५३६११६३

इमेलः program@iedi.gov.np

वेबसाइटः https://iedi.gov.np

आवेदन फारामको Word file वा PDF file download गरी आवेदन फाराम भरी नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र SEE/SLC उतिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी email: program@iedi.gov.np मा पठाउनु पनेछ।